# बनेपा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७८/०७९
चलानी नं: ३६७९

मिति: २०७८।२।११

श्री सबै कर्मचारीहरु
नगर कार्यपालिकाको कार्यालय
सबै वडा समितिको कार्यालयहरु
सबै स्वास्थ्य चौकी
बनेपा नगरपालिका ।

विषयः समय पालना सम्बन्धी परिपत्र ।

उपर्युक्त सम्बन्धमा नेपाल सरकारको निर्णयानुसार मिति २०७९ साल जेष्ठ १ गतेबाट लागु हुने गरी हरेक शनिवार र आइतबार कार्यालय विदा हुने र हरेक दिन कार्यालय समय बिहान ९:३० बजेबाट अपरान्ह ५:३० बजे सम्म हुने गरी समय परिवर्तन भएको सबैमा विदितै छ । तसर्थ सबै कर्मचारीले देहाय बमोजिम गर्न हुन यो परिपत्र गरिएको छ ।

१. उल्लेखित बमोजिम कार्यालय समयमा हाजिर भई कार्यालय समय अवधिसम्म कार्यालयमा रहने,

२. फिल्डमा खटिनु पर्ने कर्मचारीले अनिवार्य रुपमा लगबुक भरेर मात्र फिल्डमा जाने,

३. फिल्डमा खटिदा अनिवार्य रुपमा कार्यालय प्रमुख वा शाखा प्रमुखलाई जानकारी गराएर जाने,

४. वडा कार्यालयबाट फिल्डमा खटिने कर्मचारीले वडाध्यक्षज्यूमा समेत जानकारी गराउने,

५. कार्यालय प्रमुखबाट विदा स्वीकृत गराएर मात्र विदामा बस्ने,

६. अत्यावश्यक काम परि विदामा बस्नु परेमा शाखा प्रमुखका हकमा अनिवार्य रुपमा कार्यालय प्रमुख र अन्य कर्मचारीका हकमा कार्यालय प्रमुख वा प्रशासन शाखा प्रमुखलाई पूर्व जानकारी गराउने,

७. स्वास्थ्य चौकीमा रहने कर्मचारीहरुले समेत विदामा बस्दा वडाध्यक्षज्यूलाई समेत पूर्व जानकारी गराउने,

८. कार्यालय समयमा आफ्नो मोबाइल फोन अनिवार्य रुपमा चालु हालतमा राख्ने ।

९. इ हाजिरीको व्यवस्था भएका कार्यालयमा रहने कर्मचारीले अनिवार्य रुपमा कार्यालयमा हाजिर हुँदा र कार्यालय समय पश्चात बाहिर निस्कदा इ हाजिरीमा हाजिरी जनाउने ।

१०. प्रस्तुत परिपत्र बमोजिम भए नभएको जुनसुकै बखतमा अनुगमन हुँदा प्रस्तुत परिपत्रको परिपालना नगर्ने कर्मचारीलाई कानून बमोजिम कार्वाही हुनेछ ।

०७९।२।११

प्रकाश आचार्य
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

फोन नं: प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ४०९ बनेपा
E-mail: ict.banepamun@gmail.com

Scanned by CamScanner